# रामारोशन गाउँपालिका

दोस्रो गाउँसभामा प्रस्तुत आर्थिक बर्ष २०७५।०७६ को

**बार्षिक नीति तथा बजेट वक्तव्य**

# रामारोशन गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय, सान्तडा-अछाम

*७ नं. प्रदेश, नेपाल*

## रामारोशन गाउँपालिकाको दोस्रो गाउँसभामा प्रस्तुत आर्थिक बर्ष २०७५।०७६ को बार्षिक नीति कार्यक्रम तथा बजेट बक्तव्य:

*कृषि,पर्यटन,प्रवर्द्धन तथा मौलिक संस्कृति हाम्रो पहिचान !*
*आर्थिक,सामाजिक तथा समृद्ध विकास रामारोशन गाउँपालिकाको अभियान !!*

गरिमामय यस दोस्रो गाउँसभाका प्रमुख अतिथि जिल्ला समन्वय समिति संयोजक नर बहादुर कुँवर, विशिष्ट अतिथि, विभिन्न राजनीतिक दलका प्रतिनिधि ज्यूहरु, सम्पूर्ण सरकारी कार्यालयका प्रमुख ज्यूहरु, सुरक्षा निकायका प्रमुखज्यूहरु, संचारकर्मी मित्रहरु, गैर सरकारी संघ संस्थाका प्रतिनिधिज्यूहरु, समाजसेवी, बुद्धिजीवी कर्मचारी मित्रहरु, सहिद परिवार, वेपत्ता परिवार, घाइते जेलवन्दी तथा अपाङ्ग लगायत सम्पूर्ण उपस्थित महानुभावहरु,
सर्वप्रथम यस दोस्रो गाउँसभा उद्घाटन समारोहमा हाम्रो निमन्त्रणालाई स्वीकार गरेर यहाँ उपस्थित हुनु भएका प्रमुख अतिथि जिल्ला समन्वय समिति संयोजक नर बहादुर कुँवर, विशिष्ट अतिथि माओवादी केन्द्रका केन्द्रीय आयोजक समिति सदस्य तथा अछाम जिल्ला संयोजक झपट साउद, विशिष्ट अतिथि जिल्ला समन्वय समिति सदस्य खगेन्द्र साउद, ज्यू लगायत सम्पूर्ण अतिथिज्यूहरु र आम जनसमुदायमा मेरो व्यक्तिगत तथा आयोजक रामारोशन गाउँपालिका परिवारको तर्फबाट कृतज्ञता सहित हार्दिक स्वागत गर्दछौं ।

यस महत्वपूर्ण घडीमा महान् जनयुद्ध, ऐतिहासिक १९ दिने जनआन्दोलन लगायत इतिहासका विभिन्न कालखण्डमा भएका राजनीतिक परिवर्तन आन्दोलनमा न्याय र समानता स्थापनाका लागि आफ्नो जीवन उत्सर्ग गर्ने महान् ज्ञात्-अज्ञात् सहीदहरुप्रति हृदयदेखि भावपूर्ण हार्दिक श्रद्धाञ्जली अर्पण गर्दै ति महान् सुपुत्र सुपुत्रीको जन्म दिने महान् आमावुवाप्रति हार्दिक समवेदना प्रर्कट गर्दछौं साथै जनयुद्ध र जनआन्दोलनका क्रममा घाइते अपाङ्ग, बेपत्ता जेलबन्दी योद्धाहरुको स्वास्थ्यलाभको कामना गर्दै सम्मान प्रकट गर्दछौं यो परिवर्तनको अपेक्षारत जनयुद्ध तथा जनआन्दोलनमा सहयोग गर्ने सम्पूर्ण मुक्तिकामी जनसमुदायहरुलाई हार्दिक हार्दिक धन्यवाद व्यक्त गर्न चाहान्छु ।

दश बर्ष लामो जनयुद्ध र त्यसको जगमा भएको १९ दिने जनआन्दोलनबाट स्थापित संघीय गणतन्त्रात्मक शासन व्यवस्था अर्न्तगत गणतन्त्र नेपालको संविधान जारी भएपश्चात सबैभन्दा बढि अधिकार सम्पन्न स्थानिय तहको निति तथा कार्यक्रम कार्यान्वयन गरी यस रामारोशन गाउँपालिका गाउँसभाको दोस्रो अधिवशेनको बैठकमा उपस्थित गाउँसभाका सदस्यज्यूहरुमा बधाई तथा सफल कार्यकालको शुभकामना व्यक्त गर्दछु ।

### उपस्थित दिदीबहिनी तथा दाजुर्भाहरु,

नेपालको संविधानको धारा २९५ को उपधारा (३) बमोजिम गाउँपालिका तथा नगरपालिका स्थानिय तहको संवैधानिक व्यवस्था गरेको कुरा विदितै छ । संविधानले सुनिश्चित गरेका प्रावधानलाई अक्षरस पालना गर्न सपन्न भएको स्थानिय तहको निर्वाचनबाट यस रामारोशन गाउँपालिकामा जनताको नजिकको निर्वाचित स्थानिय सरकारको रुपमा रही यस गाउँपालिकाको आब २०७५।०७६ को बार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा हर्षित भएको छु । यस

गाउँपालिकाको विकास निर्माणमा सधैं हातेमालो गर्नुहुने आदरर्णीय गाउँपालिकाबासीप्रति नतमस्तक हुँदै रामारोशन गाउँपालिका-'नमूना गाउँपालिका', रामारोशन गाउँपालिका -'कृषी,पर्यटकीय मौलिक संस्कृति भएको सामाजिक कुरिती,कुसंस्कार अन्त्य गाउँपालिका' को रुपमा विकास गर्न यहाँहरुको सक्रिय सहयोग र समर्थनका लागि हार्दिक आग्रह गर्दछु ।

## उपस्थित दिदीबहिनीहरु तथा दाजुभाई,

साबिकका ७ वटा गाविस- मलातीकोट, चाफामाण्डौ, सान्तडा, बाटुलासैन, रामारोशन, भाटाकाटिया र सुतार गरी हालका ७ वटै वडा जोडेर रामारोशन गाउँपालिकाको संरचना तयार भएको यहाँहरुमा सब बिदितै छ । विगत बाइसे चौबिसेको पालादेखि छबिस क्षेत्रको नामले चिनिने यस रामारोशन गाउँ पालिकाको सिमा र क्षेत्रभित्र रहेका ०६८ सालको जनगणना अनुसार सात वडाका झण्डै २६ हजारभन्दा बढी जनसमुदायहरुको मुख्य आयश्रोत, आर्थिक अवस्था, यहाँ उत्पादन हुने मुख्य बालीनाली, प्राकृतिक वातावरण, राजनीतिक चेतनास्तर, साँस्कृतिक परम्परा भेषभुसा, खानपानदेखि जीवनशैली एकनासको छ । अछाम जिल्लाको उत्तरपूर्वमा अवस्थित १७३.३४ बर्गकिलोमिटर क्षेत्रफल ओगटेको यस रामारोशन गाउँपालिकाको उत्तरपूर्वमा प्रदेश नं. ६ कालिकोट जिल्लाको नरहरीनाथ गाउँपालिका र अछामकै पंचदेवल-बिनायक नगरपालिका सिमा जोडिएको छ भने उत्तरपश्चिममा बाजुरा जिल्लाको बुढिनन्दा नगरपालिका, र अछाम जिल्लाकै मेल्लेख गाउँपालिका जोडिएको छ । दक्षिणमा बान्नीगढी गाउँपालिका र मंगलसैन नगरपालिकासंग यसको सिमा जोडिएको छ ।

दिदीबहिनी तथा दाजुभाई, अछाम जिल्लाकै सर्वोच्च धरोहर पाटन, जिल्लाकै सबैभन्दा बढी उपभोग गर्न सकिने र उपयोग भइरहेको कैलाशखोलाको मुहान, उपभोगीय हिसाबले बनक्षेत्र बढी ओगटेको, छापा बरदान दिने धार्मिक आस्थाको धरोहर नन्दामाता लगायत दर्जनौं धार्मिक स्थलहरु, बहुकला र साँस्कृतिक पहिचान झल्किएको क्षेत्र र देशकै अग्रणी बहु संभावना बोकेको १२ बण्ड १८ खण्ड जनयुद्धको ईतिहास रामारोशन प्राकृतिक पर्यटकीय क्षेत्र हाम्रै गाउँपालिकाभित्र रहनुलाई हामी शौभाग्यशाली ठान्दछौं । विगत एकात्मक र केन्द्रीकृत राज्य व्यवस्थाले सदरमुकामदेखि टाढा, ठूला ठूला डाँडाकाँडा र भौगोलिक रुपमा विकट, पहुँचको अभावले राज्यको सेवा सुविधा र साधन श्रोतबाट बञ्चित गरिदा यस क्षेत्रको विकासले गति लिन नसकेको हो । विगतले यस क्षेत्रलाई हेर्ने दृष्टिकोण भिन्न भएपनि वर्तमानमा यस गाउँपालिकाको भाग्य र स्वर्णिम भविष्य कोर्ने अधिकार र अवसर स्थानिय सरकारकै काँधमा सुम्पिएको छ ।

## आदरणीय दिदीबहिनी तथा दाजुभाइहरु,

**अब म आर्थिक बर्ष ०७४/०७५ को संस्लेशण प्रगति समिक्षा पेश गर्ने गईरहेको छु ।**

- रामारोशन गाउँपालिकाको ४ नं वडा वाहेक अन्य ६ वटै वडाहरुमा ग्रामिण सडक पुरर्याउने काम भएको छ ।

  रिङरोड गापाको १ देखि ७ नं वडा सम्म र अन्तर गाउँपालिका सम्म जोड्ने करिव ७३ कि.मि. रिङरोड सर्वे भई डि.पि.आर तयार भैरहेको छ ।
- रामारोशन गाउँकार्यपालिकाले ७ वटा विधेयक शिक्षा नीति,बाल संरक्षण,बाल उद्दार कोष कार्य विधि,लैगिक हिंसा निवारण राहत कोष कार्यविधि र समावेसी वजेट निर्देशीका पारित गरेको छ ।
- भौगोलिक विकटता आर्थिक विपन्नता शारिरिक अशक्तताको कारण लामो समय सम्म नेपाली नागरिताको पहुचवाट वन्चित रामारोशन वासिलाई जिल्ला प्रशासन कार्यालय अछाम संग समन्वय गरि २०७४ भाद्र १९ देखि २१ गते सम्म र चैत्र महिनाको २३ देखि २५ गते सम्म शिविर संञ्चालन गरि

करिव ७०० नागरिता प्रदान गरिएको छ । सोहि शिविरमा करिव ८३० जनालाई निशुल्क स्वास्थ्य सेवा प्रदान गरिएको छ ।

- यस गापाले वन्जिङ पुल सर्वे भई झुलुङगे पुल २४० ३३८ मि सम्भाव्यता अध्ययन भैरहेको छ ।
- गाउँ पालिकाको वस्तुगत विवरण प्रोफाईल तयार भईसकेको छ ।
- तिमिल्सेन रामारोशन सडक खन्डमा पर्ने सेरि सडक पुल सम्पन्न भैसक्दा पनि विगत २ वर्ष देखि साईडमा अधुरो रहि सवारी साधन आवत जावत रोकिएकोले रामारोशन गाउँपालिकाको प्रथम गाउँ सभा नहुदै कार्यपालिकाको वैठकवाटै वजेटको सुनिश्चितता गरि अवरुद काम लाई अगाडी वढाई जिल्ला समन्वय समितिवाट विशेष पहल गराई यति खेर काम सम्पन्न भई आजै उदघाटन भईसकेको छ ।
- रामारोशन क्षेत्रलाई राष्टीय तथा अन्तराष्टिय रुपमा चिनाउदै आन्तरिक तथा वाहय प्रर्यटकहरु भित्र्याउन युध्द पर्यटन क्षेत्र घोषणा गर्ने उदेश्यले पर्यटन गुरुयोजना तयार भईसकेको छ ।
- पर्यटन क्षेत्रको प्रर्चार प्रसारका लागी भिडियो डकुमेट्री तयार भई विभिन्न टेलिभिजनमा प्रसारण हुदै छ ।
- सुचना संञ्चार पहुचको लागी टेलिकम टावर विस्तार र ईन्टरनेट जोडिदै छ।
- कति पय उर्जाहरु निर्माण प्रक्रियामा रहेका छन जस्तै मलातीकोट, चाफामाण्डौ ।
- वडा न.१ देखि ७ सम्म खानेपानी सिचाई गोरेटोवाटो भवन मर्मत पैदल मार्ग मठ मन्दिर लगाएत थुप्रै निर्माण कार्यहरु सम्पन्न भएका छन् ।
- गा.पा. का सवै वडाहरुमा लघु जलविधुत परियोजना निर्माण तथा मर्मत कार्य सम्पन्न भएका छन् ।
  - समावेशी वजेट निर्देशिका २०७४ अनुसार लैङ्गीक समानता तथा सामजिक समावेशिकरण सम्वन्धि कार्यक्रम स्थानिय गैरसरकारी संस्थाहरु मार्फत गाउँपालिका देखि वडा कार्यन्वयन भएको छ ।
  - एकल विपन्न तथा हिसां पिडित महिलाहरुका लागी जिविकोपार्जनमा सहयोग पुग्ने गरि सिपमुलक सिलाई कटाई तालिम संञ्चालन सम्पन्न भएको छ ।
- सामाजिक विसंगती विकृति कु प्रथालाई मदिरा नियन्त्रण तथा न्यूनिकरण गर्नको लागी जनप्रतिनिधिहरुको अगुवाईमा महिला संञ्जाल आमा समूह वालक्लवको सहभागीतामा अभियान संञ्चालन गरिएको छ ।

**<u>स्वास्थ्य</u>**

- नेपाल संघीय संरचनामा गईसकेपछि हरेक स्थानिय तहमा औषधिको अभाव भैरहदा यस रामारोशन गाउँपालिकाको कुनैपनि स्वास्थ्य संस्थामा निशुल्क स्वास्थ्य सेवा वाट वञ्चित हुनु परेको छैन।
- यस रामारोशन गाउँपालिका भित्रका मातृ तथा शिसु मृतुदर घटाउन हरेक स्वास्थ्य सस्थालाई औजार उपकरण सहित यस सेवालाई गुणस्तरीय वनाउनकोलागी स्वास्थ्य संस्थामा १ जना स्विपर र दक्ष प्रसुती कर्मी को व्यवस्था गरी साथै चौविसै घण्टा प्रसुती सेवा उपलब्ध गराइएको छ ।

- खोप तथा गाउँघर किल्निकको प्रभावकारिता वनाउन निर्माण गरियको छ ।
- पुण सस्थागत सुत्केरिको लागी १२२ मा कार्यकरम घोषण गर्नको लागी अगाडि वढायको छ स
- ५ न. वडा सनानिगाउँ सैनि टोल लाई पुर्ण पोषण युक्त टोल घोषणा कार्यक्रमलाई अगाडि वढाईएको छ ।
- रामारोशन गाउँपालिकालाई पोषण मुक्त वनाउनको लागि स्वास्थ्य कर्मि तथा अन्य सरोकार वाला निकायको क्षमता विकास तालिम समयमा भई दक्षतामा अभिवृधि गरिएको छ ।
- स्वास्थ्य उपचारको पहुच भन्दा टाढा रहेका जनसमुदायलाई निशुल्क स्वास्थ्य सेवा गर्भवतिको लागी भिडियो एक्सरे परिवार नियोजन सम्वन्ध स्थाई तथा अस्थाई लगायत दिर्घरोग निदान तथा प्राथमिक स्वास्थ्य उपचार निशुल्क गर्न सफल भएको छ ।
- परिवार नियोजन पाठेघर खस्ने समस्या रोथाम सम्वन्धि २ दिने शिविर संञ्चालन क्षयरोग सम्वन्धि माईक्रोस्सकोपी सलाईट संकलन शिविर संञ्चालन गरिएको छ ।
- स्वास्थ्य संस्थामा प्रशुती भई ३५ दिन भित्र जन्म दर्ता गारउने आमालाई थप पोषण भत्ता वाफत रु५०० प्रदान गरिएको छ ।
- ७ वटै वडामा प्रशुती केन्द्रको स्थापना गरि २४ सै घण्टा प्रशुति सेवा दिने ब्यवस्था गरि प्रेशण गर्नु परेमा गा.पा.स्तरमा एम्वुलेन्स सेवाको ब्यवस्था गरिएको छ ।
- पूर्ण खोप वडा/गा पा सुनिश्चिता गरिएको छ ।

## <u>स्वास्थ्य क्षेत्रका निति तथा कार्यक्रमहरु</u>

आगामी आर्थिक बर्ष २०७५।०७६ को लागि यस रामारोशन गाउँपालिका अछामले स्वास्थ्य क्षेत्रमा कार्यान्वयनको लागि निम्न कुरामा जोड दिइनेछः

**भावी सोच (Vision)**

सबै रामारोशनका नगारिकहरु शारिरीक, मानसिक, सामाजिक र भावनात्मक रुपमा स्वास्थ्य रही उत्पादनशील र गुण स्तरिय जीवन यापन गर्न सक्षम हुने ।

**ध्येय (Mission)**

नयाँ संविधान (२०७२) को मर्म र भावना अनुरुप, उपलब्ध साधन श्रोतको अधिकतम प्रयोग गरि, स्वास्थ्य सेवा प्रदायक, सेवाग्राही र सरोकारवालाहरु विच रणनीतिक सहकार्य गरी नागरिक सहकार्य गरी नागरिको स्वास्थ्य रहन पाउने मौलिक अधिकारको सुनिश्चित गर्ने ।

**लक्ष्य (Goal)**

आधारभुत मानव अधिकारको रुपमा सबै नागरिकको अधिकार सुनिश्चित गर्न गुणस्तरिय स्वास्थ्य सेवामा सबैको पहुँच बृद्धि गरि न्याय संगत एवम् जवाफदेही स्वास्थ्य प्रणालीको माध्यमबाट स्वास्थ्य सेवा उपलब्ध गराउदै दिगो विकास लक्ष्य लाई सफलिभूत गाराउने ।

**रामारोशन गाउँपालिकाले स्वास्थ्य सेवालाई थप प्रभावबकारी बनाउन निम्न नितिगत रणनिति अवलम्बन गरेको छः**

१. रामारोशन गाउँपालिका बसी जनताले घर दैलोमा निःशुल्क स्वास्थ्य सेवा अनुभुति गराउन गाउँपालिका तत्पर रहनेछ ।
२. गुणस्तरीय औषधीमा जनताको पहुँच, औषधीको समुचित प्रयोग, अत्यावश्यक औषधी र उपकरणको प्रयाप्त उपलब्धता गराई स्वास्थ्य सेवा प्रभावकारी र जनमुखी बनाउन गाउँपालिका तत्पर रहने छ ।
३. मातृ तथा शिशु स्वास्थ्यको क्षेत्रमा प्रगति भएता पनि भौगोलिक विकट्ता र आर्थिक विपन्नता भएका ठाउँमा मातृ मृत्युदर र नवजात शिशु मृत्युदरमा कमि ल्याउन महिलाहरुको प्रजनन् स्वास्थ्य, सामुदायीक प्रसुति केन्द्रको विस्तार, गुणास्तरिय प्रसुति सेवा, सामुदायमा आधारित नवजात शिशु सेववद्धारा मृत्युदर घटाउन दक्ष प्रसुति सेवकहरुको प्रशिक्षण तिब्र गतिमा बढाइने छ ।
४. समनता, जवफदेहिता, जनसहाभागिता जस्ता प्राथमिक स्वास्थ्य सेवाका सिद्धान्तहरु प्रति प्रतिबद्ध रहि 'सबैका लागि स्वास्थ्य' र 'सबै स्वास्थ्यका लागि' अभियान अघि बढाउन गाउँपालिका प्रयत्नशिल रहनुका साथै स्वास्थ्यका सामाजिक कारक तत्वहरुका महत्त्वलाई आत्मासात गर्दै अन्य सामाजिक नितिहरुमा पनि स्वास्थ्य सरोकार प्रतिविम्वित गराउन 'स्वास्थ्य सबै नितिहरुमा' स्थापित गरिने छ ।
५. स्थानिय तहमा प्रत्येक नागरिकले सहज रुपले गुणस्तरिय सेवा प्राप्त गर्न सक्ने गरी आवश्यक औषधी उपकरण, प्रविधि र दक्ष स्वास्थ्यकर्मीहरु सहितको प्रभावकारी र जवाफदेहीपूर्ण स्वास्थ्य सेवा प्रणालीको स्थापना गरिने छ ।
६. परिवार स्वास्थ्य लागायत यौन तथा प्रजनन् स्वास्थ्यलाई एकिकृत सेवाको रुपमा कार्यन्वयन गरिनेछ । युवा तथा किशोरी मैत्री स्वास्थ्य सेवाको अवधारणलाई सम्पूर्ण स्वास्थ्य सेवा प्रदायक संस्थाहरुमा समावेश गरी विद्यालय स्वास्थ्य कार्यक्रम सँग सामायोजन गराइने छ ।
७. महिला, बालबालिका, जेष्ठ नागरिक, दलित, सिमान्तकृत, अग्रगामी लोक तान्त्रिक परिवर्तनका लागि भएको १० बर्षे जनयुद्ध, सबै जन अनदोलन र क्रान्तिका क्रममा जिवन उत्सर्ग गर्ने शहिद परिवार, द्वान्द पिडित र घाइतेहरुको संविधान प्रदत्ता अधिकार स्वास्थ्य सेवामा प्रत्याभुत गरिनेछ । सवै लिङ्ग क्षेत्र र समुदाय भित्रका आर्थिक रुपले विपन्न शारिरीक र मानसिक रुपले अशक्तहरुलाई प्राथमिकताका साथ स्वास्थ्य सेवा सुनिश्चित गरिने छ ।
८. उपचार सेवालाई व्यवस्थित बनाउन समुदायका स्वास्थ्य संस्थादेखि अति विशिष्ट सेवा प्रदायक संस्थाहरु सम्म प्रभावकारी दोहोरो प्रेषक प्रणालीको व्यवस्था गरिनेछ ।

९. आधारभुत स्वास्थ्य सेवा गाउँपालिकाले निःशुल्क उपलब्ध गराइने र यसका लागि सरकारी (संघिय प्रदेश र स्थानिय) लगायतका विभिन्न स्रोतबाट वित्तिय व्यवस्थापन गर्न स्थानिय सरकार (गाउँपालिका) बाछ न्युन्तम ८ प्रतिशत स्वास्थ्य बजेटमा विनियोजन गर्ने १० प्रतिशत सम्म बृद्धि गरिने छ । बजेट निकासा, खपत र खरित प्रक्रियालाई सरलिकरण गर्दै संविधान प्रदत्त सबै स्वास्थ्य अधिकारहरुको प्रत्यभुति गर्न स्वास्थ्य सेवालाई सुदृढ गरिने छ।

१०. स्थानिय तहमा कम्तिमा १५ सैयाको अस्पताल रहने व्यवस्था गर्न यस रामारोशन गाउँपालिकाको स्वास्थ्य चौकीहरुको क्रमशः स्तर उन्नती गरिनेछ । भौगोलिक र जनसंख्याको अनुपातका आधारमा बढीमा ६० मिनेटको दुरीमा एक गाउँ एक स्वास्थ्य संस्थाको अवधारणालाई सफलिभूत बनाउन एउटा वडामा एक स्वास्थ्य चौकी सहित आवश्यकता अनुसार स्वास्थ्य इकाई स्थापना गरिनेछ । स्थानिय अ.नि.मी. दरबन्दी बढाउदै क्रमशः एकिकृत सामुदायीक प्रजनन् केन्द्रमा विकास गरिनेछ ।

११.रामारोशन गाउँपालिका अन्तरगतका स्वास्थ्य संस्थाहरुमा प्रयोगशालालाई निरन्तरता र एक्सरे सेवालाई विस्तार गरिने छ ।

१२.लैङ्गिक हिंसा पिडितहरुको उपचार तथा एक द्वार संकट व्यवसथापन केन्द्रमा प्रेषणको व्यवस्था गरिनछ ।

**बहुक्षेत्रीय पोषण योजना (MSNP) सम्बन्धीः निती तथा कार्यक्रम**

आगामी आर्थिक बर्ष २०७५।०७६ को लागि यस रामारोशन गाउँपालिका अछामले बहुक्षेत्रीय पोषण योजना (MSNP) कार्यान्वयनको लागि निम्न कुरामा जोड दिइनेछः

१. यस गाउँपालिकामा महिला किशोरी र बालिबालिकामा हुने कुपोषणको अवस्थामा सुधार ल्याउने उद्देश्यका साथ बहुक्षेत्रीय पोषण योजनालाई प्राथमिकताका साथ कार्यान्वयन गर्नलाई रामारोशन गाउँपालिका अछामले रु १५ लाख रकम समपुरक कोषको व्यवस्था गरिनेछ ।

२. नेपालमा महिला, किशोरी र बालबालिकामा हुने कुपोषणको अवस्थामा सुधार ल्याउने उद्देश्यले नेपाल सरकारकको प्राथमिकतामा रहेको बहु क्षेत्रीय पोषण योजना कार्यान्वयनलाई यस रामारोशन गाउँपालिका अछामले उच्च प्राथमिकतामा रखे छ । सोही अनुरुप आ.ब. २०७५।०७६ का लागि नेपाल सरकारबाट प्राप्त हुने बजेट रु १४ लाख ९९ हजार र यस गाउँपालिकाले छुट्याइको समपुरक रकम समेतलाई क्षेत्रगत विनियोजन गरी पोषण सुधारका लागि तोकिएको क्रियाकलापमा खर्च गरिनेछ ।

३. बहु क्षेत्रीय पोषण योजनाले निर्दिष्ट गरेका उप्लब्धी तथा प्रतिफल प्राप्तिको लागि विषयगत शाखा साझेदार निकायहरु सँग मिलेर पोषण लक्षित र संवेदनशिल क्रियाकलापहरु सञ्चालन गरिने छ र महिला बालबालिका लक्षित कार्यक्रम जस्तै बाल पोषण अनुदान खोप कार्यक्रम , बाल मैत्री स्थानिय शासनमा समेत बहुक्षेत्रिय पोषण योजनालाई समेत समाबेश गर्दै लगिनेछ ।

४. गाउँपालिकाको पोषण सम्बन्धी सुचना, तथ्याङ्कहरुको व्यवस्थापनको कमी भएको कुरा लाई महशुस गर्दै गाउँपालिकामा पोषणको क्षेत्रमा कार्यरत संघ संस्थाहरुको सहकार्यमा गाउँपालिका स्तरिय पोषण पाश्र्व चित्र (Nutrition Profile) यसै बर्ष भित्र तयार गरिने छ ।

५. बहुक्षेत्रीय पोषण योजना दोस्रो कार्यन्वयन सम्बन्धी राष्ट्रिय योजना आयोगको निर्देशिका २०७४ ले तोके अनुसार पोषण तथा खाद्य सुरक्षा समिति सबै वडाहरुमा गठन गरि बहुक्षेत्रीय पोषण योजनालाई मुल प्रबाहीकरण गरिने छ ।

६. पोषण लक्षित अनुगमन तथा मुल्याङ्कनको प्ररुप सहित स्थानिय योजना प्रक्रिया र योजनाहरुमा पोषणलाई समहित गरिनेछ ।

७. हालै सम्पन्न विश्व व्यापी एवम् नेपालको प्रमाण पत्र समिक्षा भएको आधारमा आमाहरुमा कुपोषण र बालबालिकाहरुमा पुड्कोपनको प्रवृतीमा कमी ल्याउन हाल उपलब्ध गराउँदै आएको बाल नगद अनुदानका साथै बच्चा जन्मेको ३५ दिन भित्र जन्म दर्ता गर्न आउने आमालाई पोषण भत्ता उपलब्ध गरइनेछ ।

८. सामाजमा विद्यामान कुरिती जस्तै छाउपडी कुप्रथा, बाल विवाह र छुवाछुत जस्ता कुसंस्कार विकृती अन्त्यका लागि ठोस नियम बनाइ कार्यन्वयन गरिनेछ ।

९. यस बर्ष बहुक्षेत्रिय पोषण योजनालाई सबै वडामा विस्तार गरी कार्यन्वयन गरिनेछ ।

१०. स्वास्थ, पूर्ण सरसफाई र पुर्ण पोषण युक्त घर, गाउँ र वडा अभियान सञ्चालन गर्दै आगामी ४ बर्ष भित्र यस गाउँपालिकालाई कुपोषण मुक्त घोषणा गरिनेछ ।

११. सबै स्तरमा बुहक्षेत्रिय पोषण योजना तर्जुमा गरी त्यसको प्रभावकारी कार्यन्वयन तथा अनुगमन सुशासन र पारदर्शिताको सुनिश्चित्ता गरिनेछ ।

○ **शिक्षा क्षेत्रमा**

रामारोशन गाउँपालिकालाई गुणस्तरिय शिक्षामा पंहुच पुर्याउने उदेश्यले राष्ट्रिय शिक्षामा ख्याति प्राप्त व्यक्ति शिक्षाविद डा.विद्धनाथ कोईरालाको उपस्थितिमा रामारोशन गाउँपालिकाको शिक्षा नीति निर्माण गरिएको छ जसमा वाक नेपाल तथा सेभद चील्ड्रेनको सहयोग लिएको छ ।

विद्यालय सघन अनुगमन तथा स्तलगत अनुगमन कार्यगरि विद्यालय भौतिक शैक्षिक तथा प्रशासनिक अनुगमन तथा नीरिक्षण गरि सरकारी शिक्षा नीति अनुसार कक्षा थपघट गर्ने कार्य तयारी भैरहेको छ । विद्यालय क्षेत्रमा किशोरीहरुका लागी सेनटरी प्याड निर्माण कार्यक्रमहरु संञ्चालन गरिएको छ ।

शिक्षा क्षेत्रमा भाषागत दक्षता हासिल गर्न T.T. आधुनिक शिक्षा प्रविधि टचेवल डिभाईस लागु गरिएको छ ।

वालविकास केन्द्रहरुको गुणस्तर वढाउनको लागी कक्षाकोठा व्यवस्थापन तथा भवन मर्मत कार्य सम्पन गरियको छ । विद्यालय सुधार योजना अन्तर्रगत क्रियाकलाप गरिएको छ ।

**आदरर्णीय दिदीबहिनी तथा दाजुभाइहरु,**

यस रामारोशन गाउँपालिकाको जनजिबीका र विकासका दिर्घकालिन पूर्वधारहरु निर्माण तथा रामारोशन गाउँपालिकामा ७३ कि.मी रिगरोड, वन्जी जम्प, युध्द प्रर्यटन ईतिहास वोकेको रामारोशन क्षेत्रको संरक्षण प्रर्वद्धन तथा ब्यावस्थापन,उत्पादनमूलक क्षेत्रको पहिचान, आर्थिक विकासमा जोड, जनतालाई प्रभावकारी तथा सरल सेवा प्रवाह, लघु उद्यम, मध्यम उद्यम र ठूला औधोगिकरणका माध्यमबाट स्वरोजगार सिर्जना गरि स्थानिय तहको जनशक्तिलाई आर्थिक सम्बृद्धि हासिल गरी दक्ष युवा जनशक्तिलाई रोजगारी सिर्जना, पारदर्शीता र सु-शासन, स्थानिय श्रोत साधनलाई विकास निर्माणमा उपयोग गर्ने, जनसहभागितामा संचालित कार्यक्रमहरुलाई प्राथमिकतामा राख्ने, प्राकृतिक प्रकोप विपद व्यवस्थापन गर्ने, धर्म संस्कृति पर्यटकीय क्षेत्रको संरक्षण र सम्बर्द्धन, वातावरण तथा बन जंगल संरक्षणमा जोड, पछि परेका महिला, एकल महिला, दलित, जनजाती, असहाय, अपाङ्ग, बालबालिका ,जेलवन्दी शहिद,यौनजन्य ह्रिसा पिडित परिवार घाईतेहरुलाई दिर्घकालिन महत्वका कार्यक्रमहरुलाई निरन्तर अगाढी बढाईने छ ।

**बार्षिक नीति, कार्यक्रम तथा बजेट तयार गर्दा लिईएका आधारहरु :**

- नेपालको संविधानको अनुसूचि ८ र ९ ले निर्दिष्ट गरेका स्थानीय तहको एकल तथा साझा अधिकारहरु, मौलिक हकहरु, राज्यको निर्देशक सिद्धान्त र नीतिहरु,
- संघिय सरकारले अंगिकार गरेको चौधौं आवधिक योजनाले निर्धारण गरेको लक्ष्य, नीति तथा प्रथमिकताहरु,
- संघिय सरकारले अंगिकार गरेका आर्थिक तथा वितिय नीतिहरु,
- नेपाल सरकारबाट स्वीकृत संघ, प्रदेश र स्थानीय तहको कार्य विस्तृतिकरणको प्रतिवेदन,
- स्थानीय तहको सेवा सञ्चालन तथा व्यवस्था सम्बन्धी आदेश २०७५ को व्यवस्था,
- नेपाल सरकारबाट प्राप्त बजेट सिलिङ्ग र सोको साथमा प्राप्त बजेट तर्जुमा गर्दा लिनु पर्ने आधारहरु,
- माननिय सांसदज्यूहरु, राजनैतिक दलहरुबाट प्राप्त सुझाबहरु,
- सहभागितामूलक योजना तर्जुमा प्रक्रिया मार्फत प्राप्त सुझाबहरु,
- रामारोशन गाउँपालिकाको स्थानीय तहको विभिन्न किसिमको ऐन, नियम, दिग्दर्शन,नितिनिर्देशिका,२०७४ तथा नियमावली, २०७५
- गाउँपालिकाले योजना तर्जुमाका लागि निर्णय गरी तोकेका आधारहरु,

बजेटका उद्देश्यहरु :

- विकास निर्माणमा तिब्रता ।
- आर्थिक सम्बृद्धि तर्फ अग्रसर ।
- सामाजिक चेतनास्तरमा विकास ।
- शिक्षा, स्वास्थ्यमा गुणस्तरियता र प्रभावकारिता ।
- खानेपानी र सरसफाइमा गुणस्तरियता प्रयाप्तता ।
- सडक, विद्युत, सुचना सञ्चारमा बैज्ञानिक प्रयोग र व्यापकता ।
- स्थानिय योजनाहरुको बैज्ञानिक छनौट र प्रभावकारी कार्यन्वयन र दिगो विकासमा सहयोग ।
- योजनामा परिणामुखी र दिर्घकालिन जोड ।
- योजनाहरु सहभागिता र खर्च केन्द्रीत नभई आवश्यकता, उद्देश्य र प्रभावकारितामा आधारित ।
- समावेशी, लक्षित, विषयगत भागबण्डामात्र नभएर दिगो विकास र सन्तुलित ।

उपस्थित दिदीबहिनीहरु तथा दाजुभाई,

रामारोशन गाउँपालिकाको रणनैतिक महत्वका कार्यक्रमः

दिगो विकास, आर्थिक सम्बृद्धि र रोजगारी सिर्जना गर्नका लागि हामीले यस आ.व.०७४।०७५ गाउँपालिकाको रणनैतिक महत्वका कार्यक्रमहरु निम्नअनुसार तय गरिएको छ ।

- सुचना संचार विस्तार तथा बैज्ञानिक उपयोग ।
- पूर्वधार विकास तथा नमुना बस्ति विकास तथा व्यवस्थापन सम्बन्धि गुरु योजना निर्माण र कार्यन्वयन ।
- प्राकृतिक पर्यटकीय क्षेत्र तथा साँस्कृतिक पर्यटन प्रबर्द्धन व्यवस्थान गुरु योजना निर्माण र कार्यन्वयन ।
- ग्रेडलाइन विस्तार, लघु उर्जा व्यवस्थापन र जल उपयोग सम्बन्धि गुरु योजना ।
- ट्रि प्लानिङ्ग रामारोशन गाउँपालिका सडक गुरु योजना निर्माण र कार्यन्वयन ।
- कृषि तथा पशुपंक्षी व्यावसायको आधुनिकीकरण तथा भु-उपयोग गुरु योजना निर्माण र कार्यन्वयन ।

१) पूर्वधार विकासः

- सडक गुरु योजनालाई आधार मान्दै यस रामारोशन गाउँपालिकाको क्षेत्रभित्र पर्ने मुख्य सडकमार्गको स्तर विकासका लागि यथासक्य समन्वय तथा सहयोग गर्ने ।
- गाउँपालिका चक्रपथ, गाउँपालिका सदरमुकामदेखि प्रत्येक वडा कार्यालय पुग्ने सडक, एक वडादेखि अर्को वडासम्म जोड्ने सडक, अर्न्तगाउँपालिका तथा नगरपालिका जोड्ने सडक, अर्न्तजिल्ला तथा प्रदेश जोड्ने सडक, अर्न्तराष्ट्रिय मार्ग निर्माण सडक निर्माणको लागि डिपिआर तयार गरि यसै आ ब बाट कार्य संचालन गरिनेछ ।
- सुचना संचारको बर्तमान युगमा यस गाउँपालिकामा सहज सहज सुचना संचार पहुँचका लागि सरकारले प्रवाह गरिरहेका मोबाइल सेवाहरुलाई विस्तार गरि दिर्घकालिन बनाउन जोड गर्ने । द्रुर्त गतिका इमेल इन्ट्रनेट सेवा सञ्चालन गर्न विशेष पहल गर्ने । यस गाउँपालिकामा स्थानिय संचारमाध्यम स्थापनाका लागि विशेष सहयोग गरिनेछ ।
- भौतिक संरचना निर्माण गर्दा बालमैत्री र अपाङ्गमैत्री संरचना निर्माणमा विशेष जोड दिइनेछ ।
- वडाबाट सिफारिस भई आएका गाउँपालिकाभित्रका हरेक योजनाहरुको आवश्यकता, सेवा प्राप्त गर्ने संख्या, योजनाको प्रभाव र उपलब्धी, उपभोक्ता समितिको तदारुप्ता र क्रियाशीलतालाई हेरेर मात्र हरेक योजनाको सम्झौता र भुक्तानी गरिनेछ ।
- रामारोशन गाउँपालिका केन्द्रलाई “पर्यटन स्मार्ट सिटी” को रुपमा विकास गर्न जोड दिइनेछ ।
- प्रकोप जोखिम तथा अव्यवस्थित बसोबासलाई व्यवस्थापन गर्न जोड दिइनेछ ।

## २) आर्थिक बिकासः

- रोजगारीका लागि उत्पादन कार्यक्रम मार्फत प्रत्येक बर्ष रोजगारी बृद्धि गर्ने कार्यक्रम तय गरिनेछ ।
- प्राकृतिक सम्पदा र कला संस्कृतिले भरिपूर्ण यस रामारोशन गापालाई पर्यटकीय गाउँपालिका घोषणा गरि पर्यटकीय क्षेत्र रामारोशन, नन्दामाता, बण्डमाई, कैलाशधाम लगायत प्रत्येक वडामा अवस्थित धार्मिक तथा पर्यटकीय महत्वका स्थलहरुको विकास गरि आन्तरिक तथा बाह्य पर्यटन प्रबर्द्धनमा विशेष जोड गरिनेछ ।
- साना तथा घरेलु उद्योगलाई विकास संरक्षण सम्बर्द्धन प्रोत्साहन गर्न आवश्यक व्वस्था मिलाइनेछ ।

- भौगोलिक विकटता र परनिर्भरता यस गाउँपालिकाको मुख्य चुनौती हो यसलाई मध्यनजर गर्दै एक वडा एक उत्पादन । एक वडा एक हाट बजार कार्यक्रम मार्फत प्रत्येक वडामा कृषि तथा पशु बजार संचालनको लागि संभाव्यता अध्ययन गरि सम्बृद्धि आधार तय गरिनेछ ।
- परम्परागत निर्वाहामुखी कृषि प्रर्णालीलाई आधुनिक कृषि प्रणालीमा रुपान्तरण गर्ने यस गाउँपालिकाभित्रको कृषिउत्पादन क्षेत्रलाई अनुसन्धान तथा पहिचान विशेष कृषि कार्यक्रम लागु गरिनेछ ।
- पशु पालनको संभाव्यता रहेको यस गाउँपालिकामा व्यवस्थित पशु पालन फर्मको विकास गरि पशु बिमा फर्म र कृषक पेनसेनको समेत व्यवस्था गरि कृषि व्यवसायलाई स्वालम्बी र कृषक सम्बृद्ध परिवार जस्ता कार्यक्रम लागु गर्न जोड दिइनेछ ।
- यस गाउँपालिकाभित्र रहेका सहकारीलाई व्यवस्थित र विस्तार गरि युवा रोजगार उन्मुख गरिनेछ ।
- कृषिमा कृषि संकलन केन्द्र बनाई कृषि आयातलाई निरुत्साहित गर्दै निर्यातमुखी कृषि उत्पादनलाई जोड दिने
- दक्ष युवा उत्पादन गरि रोजगारी सिर्जना गर्न विभिन्न विद्यागत तालिम गोष्टीहरु संचालन गरिनेछ ।
- कृषक समूह, जलउपभोक्ता समितिलाई परिचालन गरि कृषि कार्यक्रमहरु कृषक समूह मार्फत लैजाने तथा महिला कृषक समूहलाई कार्यक्रममा बढी भन्दा बढी सहभागी गराइनेछ ।
- गाउँपालिकाको आन्तरिक श्रोत अभिबृद्धिका लागि करका नयाँ श्रोतहरुको पहिचान गरि राजस्व अभिबृद्धि गर्नका लागि थप अध्ययन गर्नुका साथै कर संचालनका लागि यस क्षेत्रसंग सम्बन्धित संघ संस्थाहरुसंग सहकार्य तथा राजस्व साझेदारीको नीति अवलम्बन गरिनेछ ।

## ३) बन-वातावरण तथा विपद् व्यवस्थापन :

- लेकाली भेगमा जडिबुटी खेती, मध्यम उचाईमा फलफुल खेती र तल्लो भेगमा नगदेबाली तरकारी खेतीका क्षेत्र पहिचान गरि कृषिमा ब्यापक आधुनिकीकरण र बजारीकरण गर्न पहल गरिनेछ ।
- निश्चित क्षेत्र पहिचान गरि किवि विरुवा, कुरिल्लो, जैतुन व्यवसायिक खेती लागि कार्यक्रम तय गरिनेछ
- प्राकृतिक एवं मानबीय संकट, प्रकोपबाट पूर्व सुरक्षा व्यवस्थापन र क्षतिपूर्तिलाई बैज्ञानिक रुपमा संचालन गरिनेछ ।
- गाउँ क्षेत्रमा बन तथा सामुदायिक बनको अवधारणालाई कार्यन्वयन गर्न एक घर एक रुख एक गाउँ एक बन तथा एक गाउँ अनेक उद्यान कार्यक्रमको संभाव्यता अध्ययन गर्न आवश्यक व्यवस्था मिलाइनेछ ।
- खोलाक्षेत्रका किनाराका बस्ति पहिरो र प्रकोपको जोखिममा रहने बस्तिहरुलाई दीर्घकालिन रुपमा समाधान गर्ने गरि तटबन्धन निर्माण, बृक्षारोपण र मनपरी नदी खोला दोहन नियन्त्रण गर्न विशेष कार्यक्रम अभियानको रुपमा संचालन गरिनेछ ।
- जल जमिन जंगल जडिबुटी र जलाधार स्थानिय जनताको सम्बृद्धिको आधारका लागि कार्यक्रम तर्जुमा गरि व्यवस्थित गरिनेछ ।
- बनक्षेत्र निर्धारण गर्ने र बनमा उपलब्ध हुने प्राकृतिक श्रोत साधनलाई व्यवस्थित व्यावसाय गरि बजारीकरण गर्ने ।
- भुक्षय न्यूनिकरणको लागी वायु ईन्जिनिरिङ्ग अवधारण ल्याईने छ

## ४) संस्थागत विकास तथा सेवा प्रवाहः

- सहभागितात्मक योजना तर्जुमा पद्धतिलाई सबल बनाउन वडा तहसम्म योजना तर्जुमा क्षमता अभिबृद्धि गर्ने कार्यक्रम संचालन गरिनेछ ।
- योजनाहरुको अनुगमन गर्न एक सुपरिक्षण तथा अनुगमन समिति गठन गरिनेछ । सो समिति वा सो समितिले गठन गरेको उप समितिद्धरा अनुगमन गराइ प्रतिबेद्धन दिए पश्चात भुक्तानी तथा फरफार गरिने व्यवस्था मिलाइनेछ ।

- रु ५ लाखभन्दा माथिका सबै योजनाहरुको अनिबार्य रुपमा होडिङ्ग बोर्ड अनिबार्य टाँस गर्ने व्यवस्था मिलाइने छ ।
- सेवा प्रवाहलाई गुणस्तरि तथा प्रभावकारी बनाउन गाउँपालिका कार्यालय तथा वडा कार्यालयहरुलाई साधन सम्पन्न बनाउन पहल गरिनेछ ।
- विगत द्वन्द्वको क्रममा प्रभावित यस रामारोशन गाउँपालिकामा मृत्यु बरण गरेका महान सहिद परिवार, घाइते अपांग, वेपत्ता, बन्दी, विस्थापित परिवारजनहरुलाई यस गाउँपालिकाको सरकारले विशेष कार्यक्रम निर्माण गरिनेछ ।
- सहिदका छोराछोरीहरुलाई उच्च शिक्षा अध्ययनका लागि पहल गरिनेछ ।
- रामारोशन गाउँपालिकामा सुचना प्रविधि केन्द्रको स्थापना तथा गाउँपालिकालाई सुचना मैत्री बनाइने छ ।
- सूचना संचार र प्रविधिमा सबै गाउँपालिकाबासीको पहुँच पुऱ्याउन प्रभावकारी दूरसञ्चार (जस्तै इंटरनेट)सेवाको विस्तार गर्दै सबैवडा कार्यालय, विद्यालय, प्रशासनिक भवन, स्वास्थ्य केन्द्रमा उच्च गतिको ईन्टरनेट र टेलिफोन सेवा विस्तार गरिनेछ ।
- रामारोशन गाउँपालिकामा सूचना केन्द्रलाई व्यवस्थापन गरी सूचना केन्द्रमाविद्युतीय हाजिरी,डिजिटल नोटिस बोर्ड,डिजिटलसिटिजन चारटर्ड(नागरिक वडा पत्र),ग्रुप एस एम एस तथाई-लाईब्रेरीको स्थापना गरिनेछ ।
- गाउँपालिकाबासीका हातमा रामारोशन गाउँपालिकाको सेवा सुविधा र सूचना पुऱ्याउनका निम्ती मोबाईल एप्प निर्माण गरिने छ साथै सूचना प्रवाहमा सम्पूर्ण वडा कार्यालयहरुको समाजिक सञ्जाल फेसबुक एकाउण्ट बनाई सूचना तथा कार्यक्रमहरुको जानकारी गराउने छौं।
- "एक वडा एक ई-विद्यालय" निर्माण गरी गाउँपालिका क्षेत्र भित्र रहेका सामुदायिक विद्यालयहरुलाई प्रविधि मैत्री बनाउन उच्च प्रथमिकता दिइने छ ।
- गाउँपालिकाका जनप्रतिनिधिहरु र जनशक्तिहरुको क्षमता अभिवृद्धिका लागि आवश्यक तालिमकम्प्युटर बेसिक,गुगल अकाउन्ट,ईमेल,फेसबुक जस्ता विभिन्न सामाजिक संजालहरुको व्यवस्था गरिने छ।
- गाउँपालिकाका सेवा र सूचनाहरू अनलाइन मार्फत प्रवाहित गरी सेवा र सूचनामा सबैको पहुंच पुऱ्याउन गाउँपालिका र यसका वडाहरुबाट उपलब्ध हुने सेवाहरुलाई विद्युतीय प्रणालीका माध्यमबाट उपलब्ध गराउने व्यवस्था गरिने छ ।
- गाउँपालिकालाई प्रविधि मैत्री र प्रविधियुक्त बनाउन कृषी प्रणालीमा जोड दिई गाउँपालिकाको सम्पूर्ण जानकारी भएको एक मोबाईल एप्प निर्माण गरिने छ ।
- सामुदायिक विद्यालयकालागि आवश्यक सूचना प्रविधि,पुस्तकालय, शैक्षिक सामग्री, प्रयोगशाला, सहयोगको कार्यलाई निरन्तरता दिईनेछ ।
- सबै सरकारी विद्यालयहरुमा तथा सरकारी कार्यालयमा ई हाजिरी जडान गरीने छ ।

## ५) सामाजिक विकास :

- प्रारम्भिक बाल विकास केन्द्रको स्थापना तथा गुणस्तर सुधार्न प्रोत्साहन गर्नुको साथै गणस्तरिय जीवनउपयोगी शिपमूलक रोजगारमूलक शिक्षामा जोड दिइनेछ ।
- बालश्रमलाई न्यूनिकरण गर्दै यसलाई निर्मुल पार्न गाउँ बाल सञ्जाललाई सक्रिय बनाउदै बिभिन्न कार्यक्रमहरु संचालन गरिनुका साथै बालहित संरक्षण तथा बाल बिकासमा उनिहरुको पहुँच तथा सहभागिताको सुनिश्चतता गरिनेछ ।
- बालमैत्री स्थानिय शासन कार्यक्रमलाई अवलम्बन गरि गाउँ क्षेत्रमा बनिसकेका विद्यालयहरुमा बालमैत्री संरचना तयार गर्न प्रोत्साहित गर्नुका साथै नयाँ निर्माण हुने भौतिक संरचनालाई बालमैत्री बनाउन लगाइनेछ ।
- संघीय नेपालको संविधानले निर्देशित गरेका महिला अधिकारभित्र पर्ने राजनीतिक अधिकार, आर्थिक अधिकार, सामाजिक अधिकार, साँस्कृतिक अधिकारलाई सुनिश्चितता हुने गरि कार्यक्रम लागु गरिनेछ ।
- महिलाहरुको समान अधिकारलाई कार्यन्वयनको लागि पहल गरिनेछ ।
- महिला माथि हुने घरेलु हिंसा लगायत विभिन्न खाले हिंसालाई निरुत्साहित गर्न विशेष कार्यक्रम संचालन गरिनेछ ।
- गाउँपालिका भित्रका एकल महिलाको अवस्था विश्लेषण गरि शिपमूलक तथा जिविको पार्जन कार्यक्रममा जोड दिइनेछ ।
- यो क्षेत्रमा जगडिएर रहेको सबै प्रकारका कु प्रथा, रुडिवादी संस्कारलाई अन्त्य गर्नको लागि जनचेतना तथा रचनात्मक प्रकारका सचेतनामूलक कार्यक्रमहरु संचालन गरिनेछ ।
- संक्रमित महिलाहरुको जिविको पार्जनको क्षेत्रलाई विशेष जोड दिइनेछ ।
- यस गाउँपालिका अर्न्तगतका स्वास्थ्य संस्थाहरुलाई प्रारमभिक रुपमा स्तर उन्नतिका लागि पहल गरिनेछ ।
- योग गरौं स्वस्थ बनौं भन्ने नाराका साथ घर घरमा योग पुर्‍याउने कार्यक्रमको शुरुवात गर्दै आर्युवेदिक स्वास्थ्य केन्द्र स्थापनामा जोड गरिनेछ ।
- खेलकुद विकासका लागि खेलकुदसंग सम्बन्धित संघ संस्थाहरुसंगको समन्वय र सहकार्यमा खेलकुद सामाग्री वितरण गरि यस क्षेत्रको पहिचान कायम गर्न खेलकुद क्षेत्रलाई प्रोत्साहन गरिनेछ ।
- गरिब तथा विपन्न परिवारका जेहेन्दार विद्यार्थीलाई उच्च शिक्षा अध्ययनका लागि सहयोग गरिनेछ ।

## बजेट कार्यन्वयनको कानुनी आधार:

- यस गाउँपालिकाको आब २०७५।०७६ बजेट कार्यन्वयनका लागि देहायबमोजिमका कुननी आधार तयार गरिएको छ ।
- प्रदेश कानुनले बजेट कायन्वयनको सम्बन्धमा आवश्यक मार्ग दर्शन गर्ने कानुन नभएसम्मका लीग संघीय कानुन तथा संघीय मामिला तथा स्थानिय विकास मन्त्रालयबाट प्राप्त मार्ग निर्देश बमोजिम नीति, कार्यक्रम तथा बजेटको कार्यन्वयन गरिनेछ ।
- भैपरि आउने चालु खर्च तथा भैपरि आउने पूँजिखत खर्च अन्य कार्यक्रम नतोकिएको शिर्षकमा बिनियोजित बजेट गाउँ कार्यपालिकाको बैठकले संघीय कानुन तथा संघीय मामिला तथा स्थानिय विकास मन्त्रालय तथा यस रामारोशन गाउँपालिकाको बिनियोजन ऐन २०७५ र अन्य प्रचलित कानुनको विपरित नहुने गरि आवश्यक विभिन्न शिर्षकहरुमा बिनियोजन गरि खर्च गरिनेछ ।
- विकास कार्यलाई व्यवस्थित गर्न पूँजिगत खर्च अर्न्तगतका क्रियाकलाप तथा योजना निर्माणमा व्यवस्थापन खर्च ( कन्सलटेन्सी) ५ प्रतिशत गाउँपालिका कार्यालयले कट्टागर्ने छ ।

- यस रामारोशन गाउँपालिका क्षेत्रमा आफ्नो कार्यक्षेत्र बनाएका गैर सरकारी संस्थाहरुलाई कार्यक्रम संचालन गर्न उक्त संघ संस्थाको कार्यक्रम बजेट समयत तालिका कार्यक्रमको औचित्य, प्रभाव, असर, लाभाम्बित क्षेत्र समेतको विश्लेषण गरेर मात्र राय सहितको स्वीकृति दिइने छ  साथै गाउँपालिकाले प्रस्तावित कार्यक्रमको क्षेत्र परिवर्तन गर्न सक्ने छ। गैर सरकारी संघ संस्था अनुगमन इकाइ गठन गरि अनुगमन कार्यलाई प्रभावकारी बनाइने छ।
- बजेट लेखाङ्कन तथा लेखा परिक्षण महालेखा परिक्षकको कार्यालयले तय गरेको सिद्धान्त र ढाँचाअनुसार हुनेछ।
- यस नीति कार्यक्रम तथा बजेट कार्यन्वयनको क्रममा कुनै दुबिधा उत्पन्न भए गाउँपालिका, संघीय कानुन, नेपाल सरकार, संघीय मामिला तथा स्थानिय विकास मन्त्रालयको कानुनसम्म नबाझिने गरी बाधा अड्काउ फुकाउ गरिनेछ।

आदरणीय महानुभावहरु,

म अब आर्थिक बर्ष २०७५।०७६ मा संचालन गरिने प्रमुख कार्यक्रमहरु र बिनियोजित बजेट प्रस्तुत गर्ने अनुमति चाहान्छु।

आय तर्फः-

यस आर्थिक बर्षमा नेपाल संघीय सरकारबाट प्राप्त बित्तिय समानिकरण अनुदान रु ८ करोड ५९ लाख सर्सत अनुदान तर्फ रु १४ करोड ४२ लाख आर्थिक बर्ष २०७५/७६ को राजश्व बाँडफाडबाट रु ७ करोड २८ लाख ८३ हजार प्रदेश सरकारबाट बित्तिय समानिकरण अनुदान ६९ लाख ५४ हजार राजश्वबाट रु १९ लाख ४० हजार ।अनुमानित सामाजिक सुरक्षा भत्ता ७ करोड २० लाख विभिन्न संघ संस्थाहरुका प्रस्तुत बजेट रु. २७ लाख ९१ हजार ४ सय ४४ रुपैयाँ ।यस रामारोशन गाउँपालिकाको अनुमानित आय जम्मा रु ५ लाख  गरी जम्मा आय रु.३८ करोड ७१ लाख ६८ हजार ४ सय ४४ रहेको छ।

ब्याय तर्फः

१. राष्टिय ग्रामीण उर्जा २१ लाख ६५ हजार
२. कृषि तर्फ १५ लाख ७० हजार
३. पशु स्वास्थ्य सेवा ११लाख ३३ हजार
४. पुरातत्व संरक्षण तर्फ १५ लाख
५. सामुदायिक वन तथा कवुलियत वन विकास तर्फ १ लाख
६. महिला विकास तर्फ ७ लाख ७७ हजार
७. शिक्षा तर्फ ९करोड ६९ लाख ७ हजार
८. खेलकुद तर्फ१ लाख
९. स्वास्थ्य तर्फ २ करोड ५६ लाख
१०ग्रामीण जलस्रोत ब्यावस्थापन तर्फ १ करोड ४१ लाख २९ हजार
११ सामाजिक सुरक्षा - रु.७ करोड, २० लाख,
१२ वातावरणीय सरसफाई आयोजना १५ लाख।

१३कुल  जम्मा १४ करोड ४२ लाख।

**गाउँपालिकाको वितिय समानीकरण र राजश्व वाँडफाडबाट प्राप्त रकम प्रदेश सरकारबाट यस रामारोशन गाउँपालिकालाई विनियोजित भएका आयोजना तथा कार्यक्रमहरु प्राप्त भए पछि मात्र गाउँपालिकाको विषयगत समितिमा ब्यापक छलफल वहस गरि सार्वजनिक गरिने छ ।**

आदरणीय दिदीबहिनी तथा दाजुभाईहरु,

अब अन्त्यमा, यस रामारोशन गाउँपालिकाको आर्थिक बर्ष २०७५।०७६ को नीति तथा कार्यक्रम बार्षिक बजेट निर्माणमा हामीले गरेका आग्रहलाई स्वीकार गरि बैठकमा प्रत्येक बिषयगत समितिको बैठकमा ब्यापक छलफलमा उपस्थित भई बजेट तथा कार्यक्रम तर्जुमा गर्ने सन्दर्भमा गाउँ कार्यपालिकाका सदस्य ज्यूहरु, समितिका संयोजक ज्यूहरु, यस गाउँपालिकाका सम्पूर्ण कर्मचारी ज्यू लगायत वडामा कार्यरत सचिव ज्यूहरु अवरात्र खटिइ सहयोग गर्नुहुने सबै महाजुभावहरुमा धन्यवाद दिन चाहान्छु । योजना तर्जुमा प्रक्रियामा प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा संलग्न रहनु हुने विषयगत कार्यालयका प्रमुख तथा प्रतिनिधि ज्यूहरु, हामी रचनात्मक सुझाब सल्लाहा दिनु हने महानुभाव ज्यूहरु, आदरणीय व्यक्तित्वहरु प्रति धन्यवाद ज्ञापन गर्न चाहान्छु ।

हाम्रो निमन्त्रणालाई स्वीकार गरि प्रमुख अतिथिका रुपमा जिल्ला समन्वय समितिका संयोजक श्री नर बहादुर कुँवर ज्यू, हाम्रो निमन्त्रणाई स्वीकार गर्दै विशिष्ट अतिथि ज्यू, विशिष्ट ज्यू लगायत सम्पूर्ण अतिथि महानुभाव ज्यूहरुमा विशेष आभार तथा धन्यवाद व्यक्त गर्दछु । प्रस्तुत बजेट र कार्यक्रमको कार्यन्वयनका निम्ति यहाँहरुबाट सदैव प्राप्त हुने रचनात्मक सुझाब र सल्लाहालाई मार्गदर्शनको रुपमा लिएर यस रामारोशन गाउँपालिका अगाडि बढ्ने विश्वास दिलाउदै कार्यक्रमको सफल कार्यन्वयमा यहाँहरु सबैको सहयोग निरन्तर रहने अपेक्षा गरेको छु ।

**दिदीबहिनी तथा दाजुभाईहरु,**

हामीलाई थाहा छ हाम्रो गाउँपालिकाभित्रका आकर्षक संभावनाहरु हामी भित्रका केही सामाजिक कुसंस्कारका कारण जस्तै छाउपडी कुप्रथा, घरेलु हिसा, मदिरा, वालविवाह, लगायतका समस्याले हामीलाइ अगाडी बढ्न बाधा पुऱ्याईरहेको छ । हाम्रो गाउँपालिकाको एकिकृत विकासको लागि थोरै चुनौतीहरुको सामाना गर्दै अत्याधिक संभावनालाई चुम्न हामी भित्रका परम्परागत भेगिय, जातीय, क्षेत्रीय र राजनीतिक आस्था र दलिय चिन्तनलाई थन्क्याएर त्यसबाट माथि उठ्दै रामारोशन गाउँपालिकाको संभावित समग्र विकासको उज्यालो गन्तव्य तिर अघि बढौं । सबै जनताको सहयोग सबै पार्टीको समर्थन र विकासका साँझेदार सबै पक्षको एक्केबद्धताबाट मात्र हामी हाम्रो कार्यकालको आधा दशकलाई रामारोशन गाउँपालिकालाई समृद्ध गाउँपालिका बनाउन सक्नेछौं । धन्यवाद ।

मितिः २०७५।०३।०९

सरस्वती रावल
उपाध्यक्ष